# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः १६ मितिः २०८१ साल फागुन ०१ गते

**भाग -२**

**अन्नपूर्ण गाउँपालिका अन्नपूर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१**

**स्वीकृत मितिः २०८१/०८/२७**

**प्रस्तावनाः**

अन्नपूर्ण गाउँपालिका कास्की अन्नपूर्ण गाउँपालिका अन्नपूर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा १२६ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) तथा अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमीत गर्ने) ऐन २०७४को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका कास्कीको गाउँ कार्यपालिकाले यो **अन्नपूर्ण गाउँपालिका अन्नपूर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१** तर्जुमा गरी लागु गरेको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधीको नाम **"अन्नपूर्ण गाउँपालिका अन्नपूर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१"** रहेको छ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखी लागु हुनेछ।

२) मुल कार्यविधिको दफा ५ मा संशोधनः

दफा ५ मा उपदफा (४) थपः सूचीकरण शुल्क वापत रु. ५,०००।– (अक्षरुपी- पाँच हजार मात्र) लिईनेछ।

दफा ७ को उपदफा (१) र (२) मा पर्यटन शुल्क शब्द झिकी हवाई उडान शुल्क थप गरिएको छ। साथै उपदफा (६) थपः तोकिएको उडान संस्था वाहेक अन्य उडान संस्थाले उडान भर्न चाहेमा प्रति उडान वापत रु. २०,०००।– (अक्षरुपी विस हजार मात्र) लिईनेछ।

३) मुल कार्यविधीको दफा १० मा संशोधनः

दफा १० मा उपदफा (६) थपः स्थानीय साझेदार संस्थाको भुमिका (TOR) अनुसुची ५ बमोजिम हुनेछ।

**अनुसूची-५**

**दफा १० को उपदफा (६) सँग सम्बन्धित**

स्थानीय साझेदार संस्थाको भुमिका (TOR) को ढाँचा

१. साझेदार संस्था आपतकालीन उद्धार, विपद् व्यवस्थापन, पर्यटन, चिकित्सा सहायता, वा अन्य आवश्यक सेवाहरूमा हेलिकप्टर उडान सञ्चालन गर्न सहायता पुऱ्याउने उद्देश्यले संलग्न हुनेछ।

२. हेलिकप्टर उडान सेवाको प्रभावकारी व्यवस्थापन र सञ्चालनमा सहजीकरण गर्नु।

३. सुरक्षात्मक उपाय तथा नियमनको पालना गर्दै उडान सञ्चालनलाई व्यवस्थित बनाउनु।

४. सरोकारवाला निकायहरूसँग समन्वय गरी सेवाको सहज उपलब्धता सुनिश्चित गर्नु।

५. हेलिकप्टर उडान सञ्चालनका लागि आवश्यक कानुनी तथा नियामक आवश्यकताहरू पूरा गर्ने।

६. वित्तीय तथा लगानी व्यवस्थापन हेलिकप्टर सेवाका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गर्ने। उडान शुल्क, बीमा, तथा अन्य वित्तीय पक्षहरूको व्यवस्थापनमा सहजीकरण गर्ने।

७. सेवा प्राप्तकर्तालाई उचित शुल्कमा गुणस्तरीय सेवा उपलब्ध गराउने।

८. अपरेसनल व्यवस्थापन उडान तालिका तथा मार्गनिर्धारणमा सहकार्य गर्ने। आपतकालीन उद्धार, विपद् व्यवस्थापन, तथा चिकित्सा उडानका लागि तत्पर रहनुपर्ने योजना बनाउने। उडान सुरक्षाका मापदण्डहरू पालना गर्न निगरानी राख्ने।

९. सुरक्षा तथा जोखिम व्यवस्थापन उडान सुरक्षाका सबै मापदण्डहरू लागू गर्न मद्दत गर्ने। आकस्मिक अवस्थाका लागि पूर्व तयारी योजना (Contingency Plan) तयार गर्ने। आवश्यक बीमा तथा कानुनी सुरक्षा उपायहरू अपनाउने।

१०. समन्वय र साझेदारी स्थानीय तथा अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्ने। सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी हेलिकप्टर सेवा प्रभावकारी बनाउने। आवश्यक परेमा प्रविधिगत तथा मानवीय स्रोतहरू परिचालन गर्ने।

आज्ञाले

विष्णु प्रसाद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत